का.जि.प्र.का.द.नं. १००/०५९/६०

२९ फागुन २०८०,
मंगलबार
12 March 2024,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु





# नजिकिए तीन कम्युनिष्ट
## सहकार्य हुँदै एकतासम्म !

**आरके डिसी / मध्यान्ह**
काठमाडौं, २८ फागुन ।

सोमबार प्रधानमन्त्री समेत रहेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच भेटवार्ता भयो । उक्त भेटवार्तामा प्रधानमन्त्रीले लिने विश्वासको मत, राष्ट्रिय सभाको निर्वाचनका साथै प्रदेश सरकारहरुको सन्दर्भमा समेत छलफल भएको छ । प्रदेश सरकार हेरफेरका लागि सहजताका लागि दुई नेताबीचको भेटले कांग्रेस निकट प्रदेश प्रमुखहरु बर्खास्तीमा परेका छन् ।

ओली र प्रचण्डबीचको भेटपछि बसेको मन्त्रिपरिषद्को बैठकले तीन प्रदेश प्रमुख हटाएर नयाँ प्रदेश प्रमुख सिफारिस गरेको हो । सत्ता गठबन्धन परिवर्तन भएसँगै कांग्रेस कोटाका प्रदेश प्रमुख हटाएर नयाँ सिफारिस गरिएको हो ।

यसअघि माओवादी र कांग्रेसको गठबन्धन हुँदा शेरबहादुर देउवा नेतृत्वको सरकारले प्रदेश प्रमुखरु नियुक्त गरेको थियो । यसपटक फेर्दा कांग्रेस निकटलाई हटाएर माओवादी निकटलाई यथावत राखिएको छ भने भयाँमा एमाले निकटकालाई पठाइएको छ । यो कदमलाई कतिपयले कम्युनिस्टहरुबीचको दुरी कम गर्ने र दीर्घकालीन सम्बन्धको आधार बनाउने रुपमा समेत ब्याख्या गरेका छन् ।

एमाले र माओवादी केन्द्रका नेताहरुले पनि नयाँ गठबन्धनलाई गठबन्धन नभइ सहकार्य भन्न थालेका छन् । एमाले अध्यक्ष ओलीले पार्टी बैठकमा र प्रधानमन्त्री प्रचण्डले संसदीय दलको बैठकमा एमाले एकीकृत समाजवादी र माओवादीको सत्ता सहकार्यलाई गठबन्धन नभनी सहकार्य नै भनिएको बताएका थिए । त्यसअनुसार प्रस्तुत हुन पनि उनीहरको निर्देश थियो ।

> केपी शर्मा ओली, पुष्पकमल दाहाल 'प्रचण्ड' र माधव नेपालबीच औपचारिक र अनौपचारिक संवाद बाक्लिएपछि नेपाली राजनीतिमा कम्युनिष्ट पार्टीहरु एमाले, माओवादी र एकीकृत समाजवादी सहकार्य गर्दै एकतामा पुग्नुपर्ने आग्रह नेता/कार्यकर्ताहरुमा देखिन्छ ।

विगतमा यी तीन कम्युनिस्ट पार्टी एउटै पार्टीमा थिए । २०७४ सालमा भएको चुनावमा वाम तालमेल गर्दै नेकपा एमाले र नेकपा माओवादी केन्द्रले २०७५ मा पार्टी एकता गरेर नेपाल कम्युनिस्ट पार्टी बनाएका थिए । तर उक्त एकता सर्वोच्च अदालतको फैसलासँगै भंग हुन पुगेको थियो । पार्टीभित्रको अन्तरद्वन्द्वका कारणले समेत उक्त एकताले निरन्तरता पाउन सकेन । बरु त्यही नेकपा हाल तीन वटा पार्टीको रुपमा संसदमा प्रतिनिधित्व गरिरहेको छ ।

पछिल्लो समय तत्कालीन नेकपामा रहेको प्रचण्डले पृष्ठ २ मा



> फेरि एकपटक कम्युनिष्टहरु एक हुने वातावरण बनेको छ । सहकार्य गर्दै एकतामा पुगेर मुलुकमा नयाँ सञ्चार गराउन आवश्यक छ ।
>
> **झलनाथ खनाल**
> **सम्मानित नेता**
> **एकीकृत समाजवादी**

## सरकारसँग मिटरब्याज पीडितको चार बुँदे सहमति
# ३ महिनाभित्र जाँचबुझ आयोग गठन गरिने

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २८ फागुन ।

सरकारसँग मिटरब्याज पीडितको ४ बुँदे सहमति भएको छ । सोमबार सिंहदरबारमा दुई पक्षबीच भएको छलफलमा चार बुँदे सहमति भएको हो ।

सहमतिमा मिटरब्याज तथा ठगीबिरुद्ध किसान मजदुर संघर्ष समिति र सरकारका बिचमा ३ महिनाभित्र जाँचबुझ आयोग गठन गर्ने उल्लेख छ । ९ विषयको कार्यादेश हुनेगरी जाँचबुझ आयोग गठन गर्न मन्त्रिपरिषदमा प्रस्ताव लैजाने सहमति भएको छ ।

उत्पीडित वर्गलाई राहत र क्षतिपूर्तिका लागी आगामी बजेटमा व्यवस्था गर्नेगरी अर्थ मन्त्रालयमा अनुरोध गर्ने सहमति भएको छ । सहमतिसँगै अहिले चलिरहेको आन्दोलन रोक्न पीडितहरु सहमत भएका छन् ।

सहमतिसँगै माघ १६ गतेदेखि काठमाडौं केन्द्रित आन्दोलन स्थागित हुने भएको छ । माघ १६ गतेदेखि पीडितहरू हिंडेरै काठमाडौं आएका थिए ।

सहमतिपछि उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले समस्या समाधानतर्फ अगाडि बढेको बताए । आफूले पहिले पनि संसदमा कुरा उठाएको उल्लेख गर्दै उनले भनेका छन्, 'पीडितलाई न्याय दिनका लागि मेरो तर्फबाट आवश्यक निर्देशन दिएको थिएँ, वार्ता टोलीका संयोजकज्यू र सदस्यहरु पनि प्रतिबद्ध हुनुहुन्थ्यो ।'

अब लामो समय यात्रा गरेर काठमाडौंसम्म आउनुपर्ने अवस्था समेत सिर्जना हुनु नहुने उनको भनाइ छ । नयाँ सहमतिले समस्या समाधान गर्ने दाबी गर्दै उनले भनेका छन्, 'मिटरब्याजबाट पीडितहरुले पूर्ण न्याय पाएका दिनलाई उत्सवका रुपमा मनाउने छौं, यो संघर्ष लामो छ । हामीले यो सुरुवात गरेका छौं ।' वर्षौंदेखि जकडिएको समस्या समाधानका लागि सरकारले दरिलो कदम चालेको उनले भनेका छन् । उनले सम्झौतामा भएका बुँदाहरुसँग सरकार प्रतिबद्ध रहने बताएका छन् । योसँगै मिटरब्याज पीडितले ४२ दिनदेखि गरिरहेको आन्दोलन स्थगित हुने भएको छ । उपप्रधानमन्त्री एवं गृहमन्त्री लामिछानेले मिटरब्याज पीडितलाई आइतबार सिंहदरबारमा बोलाएर आफैंले उनीहरुको कुरा सुनेका थिए । त्यसपछि पीडितसँग सहमति गर्न सरकार हदैसम्म लचक बन्न तयार रहेको बताएका थिए ।

मिटरब्याज पीडितका लागि भन्दै पूर्वबाट कुशवाहको नेतृत्वमा ५०० र पश्चिमबाट निर्ग नवीनको नेतृत्वमा २०० जना पीडित पैदल मार्च गरेर काठमाडौंसम्म आएका थिए । काठमाडौं आएपछि पनि उनीहरुको विरोध प्रदर्शन जारी थियो ।




# कांग्रेस निकट प्रदेश प्रमुख बर्खास्त

**शिव विक / मध्यान्ह**
काठमाडौं, २८ फागुन ।

सरकारले तीन प्रदेश प्रमुखलाई बर्खास्त गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले गण्डकी प्रदेश, मधेस प्रदेश र सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुखलाई हटाएको हो । उनीहरु कांग्रेसको कोटाबाट नियुक्त भएका थिए ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाली कांग्रेससँगको सत्ता सहकार्य तोडेर नेकपा एमालेसहितको नयाँ समीकरण बनाएपछि कांग्रेसको सिफारिसमा नियुक्त भएका प्रदेश प्रमुख हटाइएको हो । गण्डकीका पृथ्वीमान गुरूङ, मधेसका हरिशंकर मिश्र र सुदूरपश्चिमका देवराज जोशी पदमुक्त भएका हुन ।

पदमुक्त भएका ठाउँमा एमालेको कोटाबाट नियुक्तिका लागि सिफारिस भएका छन् । मधेसमा सुमित्रा भण्डारी, गण्डकीमा डिल्लीराज भट्ट र सुदूरपश्चिममा नजिर मियाँको नाम मनोनयनका लागि सिफारिस गरिएको हो । गठबन्धन फेरेसँगै एमालेलाई विश्वासमा लिन र प्रदेश सरकारमा अब हुने राजनीतिक परिवर्तनमा आफू अनुकुल निर्णय लिनका लागि सहज बनाउन प्रचण्डले कांग्रेसनिटक प्रदेश प्रमुख बर्खास्त गरेका हुन् ।

'कतै विश्वासको मत फिर्ता लिने, कतै मन्त्रीहरुलाई बर्खास्त गर्ने भइरहेको छ,' सरकारकी प्रवक्ता समेत रहेकी सूचना, संचार तथा प्रविधि मन्त्री रेखा शर्माले भनिन्, 'राजनीतिक रुपमा सहज होस्, केन्द्र र प्रदेशको राजनीतिक दृष्टिकोण समान बनोस् भनेर गरिएको हो ।'

सरकारको सिफारिस अनुसार अब राष्ट्रपतिले उनीहरुलाई प्रदेश प्रमुख नियुक्त गर्ने छन् । संघमा राष्ट्रपतिको जस्तै प्रदेशमा सरकार गठन र विघटनमा प्रदेश प्रमुखको अधिकार हुन्छ ।

# ४० मेगावाट विद्युत किन्न बंगलादेश सहमत

**छबि सापकोटा / मध्यान्ह**
काठमाडौ २८, फागुन ।

नेपाल र बंगलादेशबीच विद्युत व्यापारमा सहमति भएको छ । नेपालबाट आउदो बर्खादेखि नै बंगलादेशले ४० मेगावाट विद्युत प्रति मेगावाट ८ देखि ९ रुपैयाँसम्ममा लैजान सहमत भएको हो ।

व्यापार सम्बन्धी सम्झौतामा हस्ताक्षर गर्ने तयारीको लागि उर्जा मन्त्रालयका गृहकार्य गरिरहेको मन्त्रालयका सहसचिव नविन राज सिंहले जानकारी दिए । ऊर्जासम्बन्धी विश्व बैंकको सिंगापुरमा भएको कार्यक्रममा उर्जा मन्त्रालय प्रतिनिधीबीच भएको सचिव स्तरीय छलफलमा मुल्यमा सहमति भएको हो । सहसचिव सिंहले भने 'सिंगापुरमा सचिवज्युहरुको राउण्ड टेवल बैंठक भयो, दुवै पक्षबाट मुल्य टुंगाउनु पर्छ भनेर छलफल भएको थियो । छलफलमा ८ देखि ९ को बिचमा सहमति नजिक पुगेको हो । सहमतीले विद्युत व्यापारमा सहज भएको छ ।'

भारतको प्रसारण लाइन प्रयोग गर्नुपर्ने भएकाले त्रिपक्षीय सम्झौता गर्नु पर्ने हुन्छ । ५ वर्षको सम्झौताको तयारी छ । आगामी बर्खा यामबाट नै नेपालबाट पहिलो चरणमा ४० मेगावाट बिद्युत निर्यातले बिद्युत व्यापारको ढोका खुल्ने छ ।

नेपाल विद्युत प्राधिकरणका महानिर्देशक कुलमान घिसिङले भने 'विश्व बैंकको सिंगापुरमा भएको कार्यक्रम बंगलादेश अधिकारीसंग छलफल सकरात्मक भएको छ । बंगलादेशका प्रतिनिधीहरुले त्यहाँको मन्त्रीपरिषदमा छलफल गरेर सहमति भयो भने हामीलाई खबर गर्ने भन्नु भएको छ ।'



> विश्व बैंकको सिंगापुरमा भएको कार्यक्रममा बंगलादेश अधिकारीसँग छलफल सकारात्मक भएको छ । बंगलादेशका प्रतिनिधिहरुले त्यहाँको मन्त्रिपरिषदमा छलफल गरेर सहमति भयो भने हामीलाई खबर गर्ने भन्नुभएको छ ।
>
> ● **कुलमान घिसिङ**
> **महानिर्देशक**
> **नेपाल विद्युत प्राधिकरण**

बंगलादेशका ऊर्जा तथा खनीज राज्यमन्त्री नसरुलले पनि एक वर्षदेखि नेपालबाट ४० मेगावाट बिजुली ल्याउने प्रयास अन्तिम चरणमा पुगेकोले हस्ताक्षरका लागि तयारी अवस्थामा रहेको बताएका छन । नेपालले भारतलाई दिने मूल्यमा बंगलादेशलाई दिने प्रस्ताव नेपालले गरेको छ ।

एनटीपीसी विद्युत व्यापार निगम (एनभीएनएन) लाई तिर्ने शुल्क र करिब ३ प्रतिशतको चुहावट बंगलादेशले नै बेहोर्ने गरी विद्युत व्यापार सम्झौता हुने भएको हो । नेपालले ढल्केबर-मुजफ्फपुर ४ सय केभी अन्तरदेशीय प्रसारण लाइनमार्फत भारतको बरमपुर-भेरामारा प्रसारण लाइनबाट विद्युत् निर्यात हुने छ ।

गत २ जेठमा बंगलादेशमा बसेको नेपाल-बंगलादेश ऊर्जा पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# रुसी सेनामा भर्ना भएका तनहुँका मात्रै सात जना सम्पर्कविहीन

**तनहुँ / रासस–** भ्रमण (भिजिट) भिसामा गएर रुसी सेनामा भर्ना भएका तनहुँका आठ जना सम्पर्कविहीन भएका छन् । व्यास नगरपालिकाका तीन, देवघाट गाउँपालिकाका एक, भानु नगरपालिकाका दुई, शुक्लागण्डकी नगरपालिकाका एक र म्याग्दे गाउँपालिकाका एक गरी आठ युवा सम्पर्कविहीन भएका हुन् ।

भिजिट भिसामार्फत रुसी सेनामा गएका तनहुँका आठ युवा सम्पर्कविहीन भएपछि खोजी दिन पीडितका परिवारले माग गरेका छन् । खोजीका लागि परिवारले निवेदन दिएका छन् । सुरक्षित आप्रवासन कार्यक्रम (सामी) तनहुँकी कार्यक्रम संयोजक लुना रानाले रुसी सेनामा भर्ना हुन गएका सात र युक्रेनमा भर्ना हुन गएका एक गरी आठ युवा सम्पर्कविहीन भएपछि खोजीका लागि परिवारजनले निवेदन दिएको जानकारी दिइन् ।

उनले भनिन्, 'व्यास, देवघाट, भानु, शुक्लागण्डकीका सात जना रुसी सेनामा भर्ना हुन जाँदा बेपत्ता भएको र म्यादेका एक जना युक्रेनी सेनामा भर्ना हुन जाँदा सम्पर्कविहीन भएको भन्दै खोजी दिन उहाँहरुको परिवारजनले निवेदन दिनुभएको छ । उहाँहरुको खोजीका लागि प्रयास गर्ने हो ।'

परिवारसँग नै सम्पर्कविहीन भएका व्यक्तिका परिवारजनले खोजी तथा उद्धारको मागसहित यहाँ निवेदन दिएको उनले बताइन् । उनले भनिन्, 'रुसमा दूतावास भएको भए सहजरुपमा खोजी तथा उद्धारका लागि कागजात पठाउने थियौं । तर प्रत्यक्ष काम गर्न नपाउँदा सहज चाहिँ छैन । दूतावास नभएकाले खोजीका लागि कन्सुलर विभागलाई पठाएका छौं । खोजतलासीमै छौं प्रक्रियामा नै रहेका छौं भन्ने जवाफ आउने गरेको छ ।' गैरकानुनी रुपमा गएकाले पूर्णरुपमा काम गर्न सहज नभएको उनले बताइन् ।

आप्रवास स्रोत केन्द्रकी परामर्शदाता गोमा तिवारीले सम्पर्कविहीन भएका व्यक्तिलाई छिटोभन्दा छिटो नेपाल झिकाइ पाउँ भनेर निवेदन दिएको जानकारी दिइन् । सम्पर्कविहीन भएका व्यक्तिको खोजीका लागि कन्सुलर विभागमा व्यक्तिको कागजातसहितका सम्पूर्ण कागजात पृष्ठ २ मा

## पाँच नेपालीको भारतसँग सहयोगको याचना

**काठमाडौं / मस–** झुक्याएर रुसी सेनामा भर्ती गराइएका पाँच जना नेपाली युवाले उद्धार गरिदिन भारत सरकारसँग अनुरोध गरेका छन् । सामाजिक सञ्जालमार्फत हिन्दी भाषामा एक भिडिओ सन्देश सार्वजनिक गरी उनीहरुले नेपाली राजदूतावासको तुलनामा भारतीय राजदूतावासको प्रभाव र पहुँच बलियो रहेको भन्दै छिमेकी देशको नागरिकको नाताले पनि आफूहरुको उद्धार गरिदिन आग्रह गरेका छन् ।

उनीहरुले आफूहरुलाई स्वदेश फिर्ता गर्न नेपाली राजदूतावासले चासो नदिएको गुनासो समेत गरेका छन् । शुरुवातमा ३० जना नेपाली युक्रेनसँगको युद्ध मोर्चामा खटिएको, पृष्ठ २ मा


## BAHRAIN को Four Star Hotel मा रोजगारको अवसर

**कम्पनी: ROYAL PHOENICIA HOTEL W.L.L** | **शहर: MANAMA**

पूर्व स्वीकृत मिति: २०७९/०१/०४ चलानी नं.: ६०१७७९८६ LT. No.: 261736 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barman | 5 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५२,५८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cashier | 5 | 5 | | 150 | ५२,५८४ | | | | | | | |
| 3. | Cook | 9 | 0 | | 150 | ५२,५८४ | | | | | | | |
| 4. | House Keeper | 13 | 9 | | 120 | ४२,०६७ | | | | | | | |
| 5. | waiter | 16 | 0 | | 120 | ४२,०६७ | | | | | | | |
| 6. | Waitress | 0 | 8 | | 120 | ४२,०६७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, सामाखुसी, काठमाडौंमा २०८० चैत ६ गते (19 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

TRIVENI HR SOLUTION PVT. LTD.
PATHWAYS TO EMPLOYMENT
Govt. Lic. No. 1174/073/074
Samakhusi, Kathmandu, Tel.: 01-4987601, 01-4987608,01-4989258
Mobile: 9847259822, 9818618887, 9861133194, 9851007872, 9818465637
Email: Triveni.overseas341@gmail.com, Info@trivenihr.com

# नदीजन्य पदार्थको कर लिनबाट पछि हट्यो नगरपालिका

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २८ फागुन




रौटहटको गढीमाई नगरपालिकाले गैर कानूनी ढंगबाट लिने गरेको करका कारण जिल्लाका उद्योगी व्यवसायीहरु आजित भएका हुन्। नगरपालिकाले नियम विपरित आफुखुशी विभिन्न सामान ढुवानी गर्ने व्यवसायीहरुबाट करको नाममा रकम असुली गर्ने गरेको पाइएको छ। कुनै पनि पालिका क्षेत्रभित्रबाट उत्पादित नदीजन्य पद्धार्थ, निर्माण सामग्री, तरकारी वा अन्य वस्तु खरिद गरी बाहिर लैजाँदा सम्बन्धित पालिकाले कर लिन पाइन्छ।

यदि बाहिरबाट कुनै वस्तु वा निर्माण सामग्री खरिद गरी ल्याउँदा वा लैजादा सम्बन्धित पालिकाले कुनै प्रकारको कर लिन पाइँदैन, तर तर गढीमाई नगरपालिकाले सो पालिका भन्दा बाहिरबाट निर्माण सामग्री वा कुनै वस्तु खरिद गरी ल्याउँदा, लैजादा प्रति टिपर दुई सय र प्रति ट्र्याक्टर एक सय रुपैयाँ कर लिने गरेको पाइएको छ।

घरको भित्तामा प्रयोग गरिने टाएल्स, मार्वल, बाँस, तरकारी, फलफुल लगायतका वस्तु र सामग्री सवारी साधनमा लोड गरी गरुडा समनपुर सडक भएर जाँदा त्यसवापत नगरपालिकाले व्यवसायीहरुबाट प्रति टिपर दुई सय, प्रति ट्र्याक्टर एक सय रुपैयाँ रकम असुली गर्दै आएको व्यवसायीहरुले गुनासो गरेका छन्। गरुडाबाट टाएल्स र मार्वल लिएर सर्लाहीतर्फ जाँदा समनपुरस्थित बागमति नदीको पुल छेउमा गढीमाई नगरपालिकाका कर्मचारीहरुले टिपर, ट्र्याक्टर, ट्रक, जिप लगायत सवारी साधनको एक सयदेखि तीन सय रुपैयाँ लिने गरेको गरुडाका एक जना व्यापारीले बताए। कुनै निर्माण सामग्री वा तरकारी लिएर सर्लाहीतर्फ जाँदा सो पालिकाका सम्बन्धित व्यक्तिले गाडी रोकेर बलजबर जस्ती रकम असुल्ने गरेको उनले बताए।

पैसा नदिए गाडी नै जान दिन्न भन्दै उनीहरु पैसाको लागि धम्क्याउने गरेको समेत उनले दुखेसो गरे।

करको नाममा अनाधिकृत पैसा असुली गरी गढीमाई नगरपालिकाले आफुहरुलाई विना कारण दुःख दिने काम गरेको उनले दुखेसो गरे। केही दिन अघि मात्रै सर्लाहीबाट खरिद गरी नदीजन्य पदार्थ रौतहटतर्फ ल्याउँदा सो पालिकाले कर वापत प्रति टिपर दुई सयदेखि तीन सय र प्रति ट्र्याक्टर एक सय रुपैयाँ रकम असुली गर्दै आएको समाचार बाहिर आएपछि पालिकाले नदीजन्य पदार्थको कर लिन छाडेको छ।

# सुपादेउराली मन्दिरको भेटीबाट शिक्षकलाई पारिश्रमिक

**सूर्य भुसाल/मध्यान्ह**
अर्घाखाँची, २८ फागुन

अर्घाखाँचीको सुपादेउराली मन्दिरमा भक्तजनहरुले चढाउने भेटीबाट जिल्लाका ४ विद्यालयहरुका शिक्षकहरुलाई पारिश्रमिक दिने गरिएको छ।

नेपालकै प्रसिद्ध धार्मिकस्थल सुपादेउराली मन्दिरमा श्रदालु भक्तजनले चढाएको भेटीबाट सितापुर खाँचिकोटका विद्यालययहरुलाई सहयोग गर्ने गरिएको हो।

मन्दिरको आम्दानीबाट सन्धिखर्क नगरपालिका-७ खाँचीकोटको आदर्श माध्यमिक विद्यालयलाई ५८ हजार आठ सय र शीतगंगा नगरपालिका-२, सीतापुरको शान्ति निम्न माध्यमिक विद्यालयलाई ७० हजार, सीता आधारभूत विद्यालयलाई २५ हजार ५ सय, देउराली आधारभूत विद्यालयलाई १४ हजार ६ सय खाँचिकोट स्वास्थ्य चौकीलाई २० हजार, पाणिनी वेद विद्यालयलाई १५ हजार रुपैयाँ, कृष्ण गौशाला नरपानीमा १२ हजार रुपैयाँ भेटीको रकमबाट मासिक आर्थिक सहयोग गर्ने गरिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष फर्सु बहादुर केसीले बताए।

भेटीबाट अनाथ, असहाय र दैवी प्रकोपमा परेका परिवारलाई आर्थिक सहयोग गर्नुका साथै अन्य मठमन्दिर पौवा, बाटाघाटो, बिजुली, खानेपानी सिँचाई, दैवीप्रकोप राहत लगायतका मानवीय सेवाका क्षेत्रमा खर्च गरिएको अध्यक्ष केसीले बताए।

सुपादेउराली मन्दिरमा दैनिक आउने भक्तजनहरुले चढाउने भेटी, सुपादेउराली मातालाई सम्झेर भाकल गरेबापत चढाइने भेटी नै मन्दिरको नियमित मुख्य आम्दानीको श्रोत रहेको छ। संकलित भेटीबाट मन्दिरमा पुजारी, कर्मचारी, पूजापाठमा चाहिने सामग्री खरिद गर्नुको साथै केही विद्यालयमा चार कोठे भवन समेत निर्माण गरिएको अध्यक्ष केसीले बताए।

मन्दिरमा उठेको भेटीबाट करिब ८० प्रतिशत चन्दा विद्यालयमा जान्छ भने बाँकी २० प्रतिशत मन्दिर व्यवस्थापनमा खर्च हुने गरेको र उपहारबाट प्राप्त हुने रकम गरिव विद्यार्थीलाई आर्थिक सहयोग, छात्रवृत्ति र सहयोग उपलब्ध गराउने र भक्तजनले चढाएको भेटीबाट मन्दिरको मासिक आम्दानी करिब २३/ २४ लाख रुपैयाँसम्म हुने गरेको अध्यक्ष केसीले बताए।

अर्घाखाँचीको प्रसिद्ध धार्मिक आस्थाको केन्द्र सुपादेउराली मन्दिर धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास भएको छ। धार्मिक आस्था राखेर सुपादेउरालीको दर्शन गर्न आउने दर्शनार्थीको आकर्षण बढ्दै जाँदा धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास भएपछि त्यहाँका स्थानीयको दैनिकी समेत फेरिएको छ।

सुपादेउरालीमा छिमेकी जिल्ला गुल्मी, कपिलवस्तु, पाल्पा, रुपन्देही, प्यूठान, दाङ, बाँके, बर्दिया नवलपरासी, बागलुङ, स्याङजा, पोखरा लगायत देशका अधिकांश ठाउँ र भारतबाट भक्तजनको बाक्लो उपस्थिति हुने गरेको मन्दिर व्यवस्थापन समितिका पूर्व सचिव यादव घिमिरे बताउँछन्।

घिमिरेका अनुसार मन्दिरमा एकादशी, औँसी र पूर्णिमा बाहेकका दिनमा भाकलको बलि दिने व्यवस्था भएपनि विशेषगरी शनिबार भाकल चढाउने भीड लाग्ने गर्दछ।

मन्दिरमा जे भाकल माग्यो त्यो पुग्ने जनविश्वासले गर्दा पनि यस तीर्थस्थलको महिमा र गरिमा बढ्दै गएको स्थानीय प्रकाश महत्रा बताउँछन्।

सन्धिखर्क नगरपालिका वडा नं.७ का वडाध्यक्ष चुराबहादुर केसीले वडा तथा नगरपालिकामार्फत यस क्षेत्रको पर्यटकीय प्रवर्द्धनका लागि गुरुयोजना निर्माण गरेर काम अघि बढाइएको बताए।

# विश्व साहित्य सम्मेलन: आठ बुँदे लिस्बन घोषणापत्र जारी

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, २८ फागुन

पोर्चुगलको राजधानी लिस्बनमा आइतबार अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)को आठौं विश्व साहित्य सम्मेलन सम्पन्न भएको छ।

तीन दिनसम्म सञ्चालन भएको सम्मेलनले आठ बुँदे लिस्बन घोषणापत्र समेत जारी गरेको छ। सम्मेलनले विश्वभर नेपाली भाषा र साहित्यको संरक्षण र सम्वर्द्धन गर्नुपर्नेमा जोड दिएको छ। यस्तै नेपाली भाषा र साहित्यको प्रचार-प्रसार तथा प्रवासमा नेपाली भाषा पाठशाला सञ्चालनका लागि पनि पहल गरिनेबारे सम्मेलनमा छलफल भएको छ।

उक्त अन्तर्राष्ट्रिय साहित्य सम्मेलनमा विश्वभर छरिएर रहेका नेपाली भाषा, साहित्य र संस्कृतिका अध्येता, लेखक, भाषाविद्, कलाकर्मी, संस्कृतिविद्, सर्जक, स्रष्टा र




साहित्यकर्मी भेला भएका थिए।

सम्मेलनमा नेपाल, भारतसहित विश्वभरका ४० च्याप्टरबाट गरी एक सय बढी प्रतिनिधिको सहभागिता रहेको थियो। नेपालीसहित विभिन्न भाषा, कला, साहित्य र संस्कृतिका विषयमा विज्ञहरुबाट कार्यपत्र प्रस्तुती र छलफलका साथै विभिन्न विधाका २५ वटा कृतिको विमोचन गरिएको थियो।

सो अवसरमा दुई सय ५० अमेरिकी डलर राशिको नवरत्न पुरस्कार बेलायत निवासी साहित्यकार माया गुरुङ र डा. संगीता स्वेच्छालाई प्रदान गरिएको थियो। यस्तै नेपाली भाषा र साहित्यको संरक्षण र सम्वर्द्धनमा योगदान पुऱ्याएको भन्दै अनेसास पोर्चुगलका संस्थापक अध्यक्ष केजिन राई, डा. मित्रलाल पार्दे पोल्याण्ड, डिल्ली अम्माई बेल्जियम, प्रकाश सापकोटा डेनमार्क, खड्क न्यौपाने जर्मनी, हरिहर अर्याल फ्रान्स, सुमल कुमार गुरुङ बेलायत, सौरभ कारञ्जित बेल्जियम, पञ्चम अधिकारी बेल्जियम लगायतलाई डोसल्ला र कदरपत्रले सम्मान गरिएको थियो। कार्यक्रममा अन्तरदृष्टिका प्रधान सम्पादक पुरु सुवेदीलाई अन्तरदृष्टि स्वर्ण सम्मान प्रदान गरिएको थियो भने अमेरिका निवासी ईश्वरी भट्टलाई अनेसास हिरोबाट सम्मान गरिएको थियो।

कार्यक्रममा समाजका केन्द्रीय अध्यक्ष गोवर्द्धन पूजा, बिओटी सभापति पदम विश्वकर्मा, सल्लाहकार रोहिणी शर्मा, पूर्वअध्यक्षहरु मोहन सिटौला, पुरु सुवेदी, उपाध्यक्ष राजेन्द्र श्रेष्ठ, महासचिव विमला निरौला, एनआरएनए आइसिसी सचिव भीम केसी, आइसीसी सदस्य राजकुमार थापा, अनेसास पोर्चुगलका संस्थापक अध्यक्ष केजीन राई, एनआरएनए पोर्चुगलका अध्यक्ष उमेश खड्का, समाजका केन्द्रीय सदस्य यादव देवकोटा, पोर्चुगल च्याप्टरका अध्यक्ष सवी श्रेष्ठलगायतले नेपाली भाषा र साहित्यका विविध विषयमा धारणा राखेका थिए।

अध्यक्ष गोवर्द्धन पूजाले नेपाली भाषा र साहित्यलाई विश्वव्यापी बनाउन सम्मेलनले ठूलो भूमिका निर्वाह गरेको बताए। उनले सम्मेलनले नेपाली भाषा र साहित्यको थप प्रचार-प्रसारका साथै यसको संरक्षण र सम्वर्द्धन गर्नुपर्ने सन्देश दिएको बताए।

## नजिकिए...

नेतृत्व गर्दै आएको माओवादी केन्द्र, माधवकुमार नेपालले नेतृत्व गर्दै आएको एकीकृत समाजवादीले समाजवादी मोर्चा बनाएर कम्युनिस्ट एकताको पहल गर्दै आएका थिए। एमाले बाहिर रहेका बेला सरकारमा गएपयिछ नयाँ सहकार्यको सुरुवात भएको हो।

तीन पार्टीका तीन नेतृत्व (केपी शर्मा ओली, प्रचण्ड र माधव नेपाल)का बीचमा औपचारिक र अनौपचारिक संवाद बाक्लिएपछि नेपाली राजनीतिमा एमाले, माओवादी र एकीकृत समाजवादी सहकार्य गर्दै एकतामा पुग्नुपर्ने आग्रह नेता/कार्याकर्ताहरुको छ।

यसबीचमा ओली नेपालका बीचमा समेत एक्ला एक्लै संवाद भएको छ। यस्तो संवादलाई कतिपयले सम्बन्ध सुधारको रुपमा समेत लिएका छन्। यो सँगै नेपालमा पुनः एमाले समेतको वाम एकताको लागि औपचारिक पहलकदमी शुरु भएको नेता/कार्यकर्ताको विश्वास छ। कम्युनिस्टहरुका बीचमा सहकार्य सुरु भएपछि पूर्वप्रधानमन्त्रीसमेत रहेका नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाल सार्वजनिक रुपमै खुसी प्रकट गरिरहेका छन्।

उसो त एकीकृत समाजवादी कांग्रेस नेतृत्वको सत्तारूढ गठबन्धनमा सत्ता साझेदार दलका रूपमा थियो। तर, उक्त गठबन्धन उलटफेर हुँदा खनाल खुसी भएका हुन्। उनी निरन्तर भनिरहेका छन्, 'गठबन्धनमा भएको परिवर्तनलाई मैले सकारात्मकरूपमै लिएको छु। मैले त पहिल्यै यही दिशातिर जानुपर्छ भनेर नेताहरूलाई पनि भनेकै थिएँ। अब फेरि एकपटक तीन कम्युनिस्ट एक हुने वातावरण बनेको छ। सहकार्य गर्दै एकतामा पुगेर मुलुकमा नयाँ संचार गराउन आवश्यक छ।

## ४० मेगावाट...

सचिव स्तरीय संयुक्त निर्देशक समितिको बैठकमा भारतीय प्रसारणलाइन प्रयोग गरेर नेपालबाट ४० मेगावाट बिजुली आयात गर्न बंगलादेश सहमत भएको थियो। यस अघि २०७५ मा नेपाल र बंगलादेशबीच विद्युत विकास तथा आदानप्रदान र प्राविधिक सहयोगमा सहकार्य गर्ने गरी 'इनर्जी को-अपरेसन' सम्बन्धी समझदारी (एमओयू) भएसंगै विद्युत व्यापारको प्रक्रिया अगाडि बढेको थियो।

## रूसी...

पठाइसकिएको तिवारीले बताइन्। रुसमा बेपत्ता भएका व्यक्तिको खोजीका निम्ति पहल भइरहेको उनले जानकारी दिइन्। युक्रेनमा सम्पर्कविहीन भएका व्यक्तिको त्यहीँ दूतावास नभएकाले रुसी कन्सुलर विभागमार्फत नै खोजी कार्य भइरहेको आप्रवासी स्रोत केन्द्रले जनाएको छ। दुई/तीन महनियतादेखि परिवारसँग नै उनीहरु सम्पर्कमा नभएकाले खोजीको पहल भइरहेको सामीले जनाएको छ।

भिजिट भिसामा अवैधानिक बाटोमार्फत् गएका व्यक्ति परिवारसँग नै सम्पर्कविहीन भएपछि खोजीका निम्ति निवेदन दिएका हुन्। अवैधानिक बाटो हुँदै रुसी सेनामा भर्ना हुन गएका व्यक्ति त्यहीँ भर्ना भए पनि त्यहाँबाट फर्केर आउन सहज भने नभएको बताइएको छ।

## पाँच...

तर हाल आफूहरु ५ जनामात्र एक ठाउँमा रहेको उनीहरुले बताएका छन्।

आफूहरुसँगै तीन जना भारतीय नागरिकहरु पनि रुसी सेनाका लागि काम गरिरहेको अवस्थामा उनीहरुलाई उद्धार गरी भारत सरकारले फिर्ता लगेको उल्लेख गर्दै नेपाली युवाहरुले आफूहरुलाई पनि त्यहाँबाट निकालिदिन आग्रह गरेका हुन्। उनीहरुले हिन्दी भाषामा पोष्ट गरेको भिडियो हाल भारतीयहरुले एकआपसमा सेयर गरिरहेका छन्।

HIMALAYAN LIFE
प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ५९७००५७, पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदावी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दावी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1 | GLI0010025052 | OSAN CHAUDHARY | URHARI WARD NO 07, DANG |
| 2 | PLI1240001207 | ANGSHU PRATAP JUNG SHERMA | KUMMAYAK-2, PANCHTHAR |
| 3 | ULI3220000052 | BIJAN TAMRAKAR | LALITPUR-12, LALITPUR |

**अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना**

**प्रकाशित मिति : २०८०/११/२९**

यस फर्म/कम्पनीले चाईना/इण्डियाबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| सि. नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मूलुक /राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Refrigerator | 596*690*1350 | HITECH | HS-245CML | 245 Litre | India | Pcs | 31400.00 | 31400.00 | |
| २ | Refrigerator | 596*690*1350 | HITECH | HS-245CBL | 245 Litre | India | Pcs | 31400.00 | 31400.00 | |
| ३ | Refrigerator | 596*690*1350 | ROWA | RS-245CML | 245 Litre | India | Pcs | 31400.00 | 31400.00 | |

जे.एन ईण्डस्ट्रीज प्रा.लि.
सैंतुगल, काठमाडौं
स्थायी लेखा नं ६०१८५६५५८
फोन नं.९८०१२३५०८०

# बालविवाहमुक्त पालिका निर्माणमा जुट्दै नागरिक समाज



**कमल कुमाल/मध्यान्ह**
कालीकोट, २८ फागुन

बालविवाह न्यूनीकरण गर्दै बालविवाहमुक्त पालिका बनाउन रास्कोट नगरपालिकाका नागरिक समाज र धार्मिक अगुवा लागिपरेको छन्। पालिकालाई बालविवाहमुक्त बनाउन समोबार धार्मिक अगुवा, नेपाल प्रहरी, नागरिक समाज सञ्जालका पदाधिकारी, किशोरी समूह, महिला समूहलगायतको उपस्थितिमा संवाद कार्यक्रम गरिएको छ।

विवाह गर्नका लागि कम्तीमा २० वर्ष उमेर पार गर्नैपर्ने कानूनी प्रावधान छ। २० वर्ष नपुगी कसैले विवाह गरे वा गराएमा स्वतः बदर हुने व्यवस्था छ। तर अझै पनि धेरै ठाउँमा बालविवाह हुने क्रम रोकिएको छैन। बालविवाहले किशोर किशोरीको शारीरिक र मानसिक अवस्थामा समस्या पर्ने भएकाले यसको न्यूनीकरण गर्नका लागि प्लान इन्टरनेशनल नेपालको आर्थिक सहयोग र सादा नेपालको साझेदारीमा रास्कोट नगरपालिकालाई बालविवाहमुक्त घोषणा गर्ने तयारी रहेको छ।

धार्मिक मान्यताको रुपमा हुँदै आएको बालविवाहलाई अपराधको रुपमा बुझ्न वर्तमान समयको माग भएको स्थानीयको भनाइ छ। कार्यक्रममा पण्डित तथा धार्मिक अगुवा सञ्जालका उपाअध्यक्ष नन्द प्रसाद उपाध्यायले सानै उमेरमा विवाह गर्दा शिक्षा, स्वास्थ्यमा असर पर्ने भन्दै आजका दिनदेखि 'म बालविवाह गर्न दिन्नँ' भन्ने प्रण गरेमा बालविवाह रोक्न सकिने बताए।

सञ्जालका सदस्य विष्णु प्रसाद आचार्यले जातीय छुवाछुत र बालविवाह अन्त्यका लागि सामाजिक कुसंस्कारका रुपमा रहेका प्राचीन रीतिरिवाज त्याग्नुपर्ने बताए। २० वर्ष उमेर नपुग्दै गरिने विवाहलाई सामाजिक बहिष्कार गर्नुपर्ने धार्मिक अगुवा पाल्सी शाहीले बताए।

नागरिक समाज सञ्जालका अध्यक्ष टिकाराज उपाध्यायले बालविवाह न्यूनीकरण गर्न टोलस्तरमा सचेतनामूलक क्रियाकलापमा जोड दिइएको बताए। सादा नेपालका फिल्ड अफिसर मंगला कुमारी उपाध्यायले परियोजनाले बालविवाह रोकथाममा गरिरहेको क्रियाकलापबारे जानकारी गराएकी थिइन्। उक्त कार्यक्रममा सहजीकरण गर्दै सादा नेपाल कालीकोटका अनुगमन तथा मूल्यांकन अधिकृत नमराज योगीले बालविवाह रोकथाममा हालसम्म भएका उपलब्धि र बालविवाह हुनुका कारण बताएका थिए।

# थारु कल्याणकारी संघ मलेसियाको आठौं वार्षिकोत्सव सम्पन्न



**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, २८ फागुन

थारु कल्याणकारी संघ मलेसियाको आठौं वार्षिकोत्सव सम्पन्न भएको छ। नेपाली कांग्रेस सम्वद्ध सप्तरी क्षेत्र ४ बाट निर्वाचित प्रतिनिधि सभाका सदस्य तेजुलाल चौधरीको प्रमुख आतिथ्यतामा वार्षिकोत्सव सम्पन्न भएको हो।

कार्यक्रममा क्वालालम्पुरका नेपाली राजदूतावासका राजदूत डिल्ली राज पौडेल, उदयपुर जिल्ला त्रियुगा नगरपालिकाका मेयर बसन्त कुमार बस्नेत लगायत थुप्रै संघसंस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

वार्षिकोत्सव कार्यक्रमलाइ सम्बोधन गर्दै मलेसियास्थित नेपाली राजदूत पौडेलले संघले गरेको कामको प्रशंसा गर्दै सबै एकजुट भएर नेपाली श्रमिकहरुका समस्याहरुलाई सबैले मिलेर हल गर्नुपर्ने, यसका लागि राजदूतावास सँधै तयार रहेको बताए।

वार्षिकोत्सव कार्यक्रमलाई रोचक बनाउनको लागि नेपालबाट आमन्त्रित कलाकारहरु निवास चौधरी, गायिका अनु चौधरी र मोडल ममता चौधरी लगायत स्थानीय कलाकारहरुले उपस्थित दर्शकहरुलाई साङ्गितिक प्रस्तुतिमार्फत मनोरञ्जन दिलाएका थिए। वार्षिकोत्सव क्वालालम्पुरस्थित दिवान पेरिम्पुनान सिना क्वालालम्पुर दान सेलान्गोरको सभाहलमा भएको थियो। कार्यक्रमको सञ्चालन आरपी चौधरीले गरेका थिए।

कार्यक्रमकै बीच थारु कल्याणकारी संघ मलेसियाका संस्थापक तथा संरक्षक घनश्याम थारु चौधरीले विभिन्न तवरले कार्यक्रम सफल पार्न सबैले खेलेको भूमिकाको प्रशंसा गर्दै सबै प्रति आभार व्यक्त गरेका थिए।

**सिद्धि स्मृति महिला तथा बाल अस्पतालको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रमको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८०/११/२९ गते मंगलबार**

बागमती प्रदेश, भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. ०७, भीमसेनस्थान स्थित सिद्धि स्मृति महिला तथा बाल अस्पतालद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **सिद्धि स्मृति महिला तथा बाल अस्पताल,** भक्तपुर नगरपालिका वडा नं. ०७, भक्तपुर सम्पर्क नं. : ०१-६६१०५७०, ९८५१०४८१२९, ९८४१३००४५१ |
| **प्रस्तावको व्यहोरा** | महिला तथा बाल रोगहरु सम्बन्धी बिरामीहरुको स्वास्थ्य उपचारको लागि विशेषज्ञ चिकित्सा सेवा सहित १०० शैया क्षमताको सिद्धि स्मृति महिला तथा बाल अस्पताल निर्माण तथा संचालन गर्ने। |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा.** | भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. ०७ |

माथि उल्लिखित १०० शैया क्षमताको अस्पताल प्रस्तावको वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ ले गरेको व्यबस्था अनुरुप प्रारम्भिक वातावरणीय परीक्षण गर्ने क्रममा वातावरणीय अध्ययन प्रतिवेदन तयारीको लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले प्रस्तावित आयोजना रहने भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. ०७ तथा त्यस क्षेत्रका विद्यालय, सार्वजनिक स्थल, स्वास्थ्य-चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय-सुझाव लिन आवश्यक भएकोले तल उल्लिखित मिति, स्थान र समयमा उपस्थित भइ आफ्नो अमुल्य राय-सुझाव तथा प्रतिक्रियाहरु दिनको लागि हार्दिक अनुरोध गर्दछौं।

**सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण :**
**मिति** : २०८० साल चैत्र ४ गते आइतबार।
**स्थान** : भक्तपुर नगरपालिका-०७, भीमसेनस्थान स्थित सिद्धि स्मृति महिला तथा बाल अस्पतालको प्रांगण।
**समय** : बिहान ११:३० बजे।

**KUWAIT मा रोजगार | कम्पनी: GUZEL SALON COMPANY FOR LADIES**

पूर्व स्वीकृत मितिः २०७९/०७/३० चलानी नं.: ६०१९१३८५ LT. No.: 272969 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nail Technician | 0 | 1 | स. काममा दक्ष | 150 | ६४,६१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**२. कम्पनी: ASPECT PETROLEUM SERVICE KUWAIT** शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०७९/०५/२६ चलानी नं.: ६०१८७३६५ LT. No.: 271537 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Indoor Helper / Cleaner | 44 | 0 | सम्बन्धित काममा दक्ष | 85 | ३६,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bike Rider | 2 | 0 | | 135 | ५८,१५४ | | | | | | | |
| 3. | Light Driver | 20 | 0 | | 135 | ५८,१५४ | | | | | | | |
| 4. | Mason | 30 | 0 | | 110 | ४७,३८५ | | | | | | | |
| 5. | Painter | 30 | 0 | | 110 | ४७,३८५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ६ गते (19 March 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt Lic. NO. 647/063/064

**SHARON MANPOWER SERVICES PVT. LTD.**
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
Mobile: 974-6491713/ URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9818550053 | 9801026390 | 9803126395

# खानेपानीको महसुल नबुझाउँदा विद्युत लाइन काटियो, उपभोक्ता मर्कामा

**मनोज साह/मध्यान्ह**
रौतहट, २८ फागुन



रौतहट गुजरा नगरपालिकामा रहेको खानेपानी कार्यालयले विद्युतको बक्यौता महसुल नतिरेका कारण लाइन काटिएको छ । खानेपानीको विद्युत लाइन काटिएपछि अहिले गुजरा नगरपालिका वडा नम्बर ९ का बासिन्दा चापाकलको पानी पिउन बाध्य भएका छन् ।

उक्त पानी ट्यांकीबाट अमतवा, भवानीपुर, भंगहा, जयराजपुर, दयालपुर, पर्तिटोल अमतवा गाउँमा घरघरमा धारा जडान गरिएको छ । तर पानी ट्यांकीबाट जडान गरिएको धारामा पानी आउन छाडेकाले चापाकलको पानी पिउने गरेको स्थानीय धर्मेन्द्र कुमार चौधरीले बताए ।

उनका अनुसार खानेपानीबाट धारामा पानी नआउँदा करिब आधा दर्जन भन्दा बढी गाउँका उपभोक्ता मर्कामा परेका छन् । खानेपानी उपभोत्ता समितिको लापरवाहीका कारण यहाँका बासिन्दाले शुद्ध खानेपानी पिउन नपाएको उनले गुनासो गरे ।

विगत ४ दिनदेखि धारामा पानी आउन छाडेपछि पानीको हाहाकार भएको चौधरीले जानकारी दिए । खानेपानीको बक्यौता महसुल तिर्न उपभोक्ता समितिले कुनै चासो नलिएको उनको आरोप छ ।

नेपाल विद्युत प्राधिकरणको करिब ६ लाख भन्दा बढी बक्यौता रहेको बुझिएको छ । प्राधिकरणलाई समयमा नै महसुल बुझाउन नसक्दा लाइन काटिएको हो । तर उपभोक्ताले भने प्रत्येक महिना शुल्क बुझाउन तयार भएपनि कर्मचारीहरु प्रत्येक महिना बिल काट्न आउनै छाडेको आरोप लगाएको छ ।

खानेपानीको समितिको पदधिकारीले हिसाव अपारदर्शिता, एउटै कर्मचारी खानेपानी र नगरपालिकाको स्वास्थ्य शाखामा काम गर्नु, खानेपानी मिटर रिडिङ्ग, विल तथा रकम समयमा असुल हुन नसक्नु, खानेपानी दिँदा पनि पानीको प्रेसर नहुनु, खानेपानीबाट पनि सिँचाई गरेको, कर्मचारीहरु तथा खानेपानी समितिको लापरवाही जस्ता जनसमुदायको गुनासो छ ।

### चापाकलको पानीले स्वास्थ्यमा समस्या

स्वच्छ खानेपानीको अभावमा अमतवा भवानीपुर खानेपानीका उपभोक्ता चापाकलको पानी पिउँदा स्वास्थ्यमा समस्या देखिन थालेको छ । खानेपानीको धारामा पानी नआउँदा समस्या भएको भन्दै उपभोक्ताहरूले तत्काल धारामा पानी दिन समितिसँग माग गरेको छ ।

खानेपानी उपभोक्ता समितिका अध्यक्ष अनुठा धामीले यसअघि प्राधिकरणलाई महसुल स्वरुप २ लाख रुपैयाँ बुझाएको बताए । यस विषयमा आफु गम्भीर भएको उनको भनाइ छ । खानेपानीको समस्याका बारेमा स्थानीय पालिकामा अवगत गराइसकेको र चाँडै समाधान हुने आश्वासन भएको उनले बताए । खानेपानी पानी अतिआवश्यक भएकाले यस विषयमा सरोकारवाला गम्भीर हुनुपर्ने समाजका अगुवाहरु बताउँछन् । गुजरा नगरपालिकामा खानोपानी ट्यांकी निर्माणपछि गाउँ-गाउँमा प्रायः सबैले धारा जडान गरेका छन् ।


## Vacancy Annoucement

One of the reputed recruitment agency is seeking for following applicants.


Receptionist : 1 Female
2/3 Years experienced in the related fields.
PRO : 2 (Male/Female)
4/5 Years work experienced in the Europe countries.
Age: above 27 Years, English speaking and writing.

SALARY Negotiable

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at document.tgra@gmail.com*
Prority will be given for manpower Experienced.

Govt. Lic. No.: 1253/074/075
**The Global Recruitment Agency Pvt.Ltd.**
महाराजगंज चक्रपथ, धारापाटी, काठमाडौं, नेपाल.
Tel No: 01-4965983 | 4965264. Mobile; 9808169971


# ‘यूएईमा भइपरी आउने हरेक समस्या समाधान गर्न मोना तयार’



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २८ फागुन

म्याग्दी प्रवासी नेपाली संघ (मोना), अन्तर्राष्ट्रिय कार्यकारी समितिका अध्यक्ष दधिवल खड्का मोना यूएईद्वारा सम्मानित भएका छन् । आफ्नो मध्यपूर्व भ्रमणका क्रममा जापानबाट कतार हुँदै दुबई आइपुगेका खड्कासहित अन्य ७ जना व्यक्तिहरू आइतबार साँझ स्वागत तथा भेटघाट कार्यक्रममार्फत सम्मानित भएका हुन् ।

सम्मानित हुनेहरूमा मोना जापानका वरिष्ठ उपाध्यक्ष गणेश श्रेष्ठ, मोना जापानका सल्लाहकार राम खड्का, पर्वत समाज जापानका निवर्तमान अध्यक्ष जनक सुवेदी, जापानमा स्थापित व्यवसायीद्वय महेश खड्का र दिपेश खनाल, पत्रकार गोकर्ण अधिकारी र नेपालबाट कतार हुँदै यूएई पुगेका पत्रकार हरिकृष्ण शर्मा गौतम रहेका छन् ।

सम्मान ग्रहणपछि बोल्दै श्रेष्ठले यूएईमा दोस्रो पटकको भ्रमणले अझै आत्मीयता र मितव्ययिता बढेको बताउँदै मध्यपूर्वमा हुने र भइपरी आउने समस्यालाई समाधान गर्न पनि म्याग्देलीहरु मोनामा आवद्ध हुन आवश्यक रहेको बताए । उनले समस्या पर्दा मात्र संस्थाका पदाधिकारीलाई सम्झने र अरू बेला भुल्ने गर्नुभन्दा प्रवासमा रहँदा कम्तीमा साधारण सदस्यता लिएर आवद्ध भएर अपनत्व लिन आग्रह गरे ।

यूएईमा भइपरी आउने हरेक समस्यालाई हल गर्न अन्तर्राष्ट्रिय कार्यसमिति तत्पर रहेको मोनाका अध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथि समेत रहेका खड्काले प्रतिबद्धता व्यक्त गरे । मोना यूएईका अध्यक्ष सुवास राम्जाली मगरको सभापतित्वमा सम्पन्न कार्यक्रममा अन्तर्राष्ट्रिय कार्यसमितिका उपाध्यक्ष तथा मोना यूएईका संरक्षक, ई नन्द गर्वुजा, अन्तर्राष्ट्रिय पर्वत सेवा समाजका सचिव कमल लामिछाने, पर्वत सेवा समाज यूएईका महासचिव जगदीश शर्मालगायतका विशिष्ट व्यक्तिहरूको आतिथ्यता तथा मन्तव्य रहेको थियो । कार्यक्रमलाई महासचिव काजीमान बुढाथोकीले सहजीकरण गरेका थिए ।

## श्री डिलेश्वरी माध्यमिक विद्यालय
पुचौडी-०१, हाट बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः- २०८०/११/२९)**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८०/१०/२२ को “अन्नपूर्ण राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आव्हानको ठेक्का सूचना बमोजिम निर्धारित समयभित्र दर्ता हुन आई बोलपत्रहरूको मूल्याङ्कनमा निम्न तालिकामा उल्लिखित योजना र ठेक्काहरूमा तपसीलका बोलपत्रदाताहरू न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहर भई बोलपत्र मूल्याङ्कन समितिबाट स्विकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | योजनाको नाम | ठेक्का नं. | न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (मू.अ.क. र पि.एस. सहित) |
|---|---|---|---|---|
| १ | Construction of Dileshwori School Gate & Boundry Wall Work Purchaudi Municipality-01 Hat, Baitadi | DSSP/BTD/NCB/Works/01/2080/081 | श्री समैजी कन्सट्रक्सन मार्मा-०१, दार्चुला | ६०,१०,७७६।८५ |

प्रधानाध्यापक

## हार्दिक श्रद्धाञ्जली



जन्म:
२००३ असार १८

स्वर्गारोहण
२०८० फागुन १७

**स्व. मिना कुमारी चापागाई**

यस सयपत्री हाईड्रोपावर लिमिटेडको संचालक समितिका अध्यक्ष एक नारायण चापागाईज्यूको ममतामयी माता **मिना कुमारी चापागाई**को असामयिक स्वर्गारोहण भएको खबरले अत्यन्तै मर्माहित एवं स्तब्ध भएका छौं । १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडिमा शोकाकुल परिवारजन तथा ईष्टमित्र एवं आफन्तजनहरुमा धैर्यधारण गर्न सक्ने शक्ति मिलोस भन्ने कामनाका साथ हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सयपत्री हाईड्रोपावर लिमिटेड परिवार**


## कतारमा रोजगारको अवसर
कम्पनी: PODAR PEARL SCHOOL
शहर : Doha

पूर्व स्वीकृत मितिः २०८०/१०/१५ | चलानी नं.: ६०२१४०१२ | LT. No.:299051 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 13 | स. काममा दक्ष | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत ६ गते (19 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1561/079/080
**S.S.K. Manpower Services Pvt. Ltd.**
साबिक: GOOD LUCK MANPOWER Services Pvt. Ltd.
Sinamangal 9, Kalimatidol, Kathmandu, Nepal
Ph. No.: +977 1 5915260 I E-mail: goodluckmanpower022@gmail.com

## SAUDI मा रोजगार
कम्पनी : EHAM OPERATION AND MAINTENANCE COMPANY
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८०/११/११ | चलानी नं.: ६०२१५४०० | LT. No.:300504 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 14 | 0 | स. काममा दक्ष | 1800 | ६३,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत ६ गते (19 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले व्यहोर्ने | रु. १,५००/- कामदारले व्यहोर्ने | रु. १०,०००/- कामदारले व्यहोर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ७१३/०६४/०६५
**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७
९८१८०४७४४३, ९८५१०२३५९४, ९८५११२७०६३, ९८५११८६१२५, ९८५१०१२१०२
E-mail: threebrothershrrec@gmail.com

## कतारमा रोजगारको अवसर
१. कम्पनी: HYGEA PEST CONTROL CLEANING HOSPITALITY
शहर : Qatar,Doha

पूर्व स्वीकृत मितिः २०८०/०४/१२ | चलानी नं.: ६०२०५२९२ | LT. No.: 289998 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 7 | 5 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 1 | 0 | | 2500 | ९०,७५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ६ गते (19 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Nepal Life Recrutiment Agency Pvt. Ltd.**
Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal, , Tel:4598920.
Mob. : 98510 76290, 98010 76290, E-mail: nepallifera1476.2017@gmail.com

## मलेसियामा रोजगार
कम्पनी: FOWSENG INDUSTRIES (M) SDN BHD
शहर: Malaysia,johor

पूर्व स्वीकृत मितिः २०७९/१२/२३ | चलानी नं.: ६०१९९५३३ | LT. No.: 284092 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 11 | 0 | स. काममा दक्ष | 1500 | ४२,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ६ गते (19 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**श्रृष्टि ओभरसिज इम्प्लोईमेन्ट सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. ३५८/०५९/०६०
नयाँ बानेश्वर, काठमाडौं, नेपाल फोन: ०१-४७८३३४७, फ्याक्स: ०१-४७८३३४८

## Malaysia मा रोजगार
**1. TBH Precision Engineering Sdn. Bhd.**
पुनः विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/०८/१८ | चलानी नं. ६०१९२६५६ | LT No. : 276906

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker (Manufacturing Sec.) | 04 | साधारण | 1500 | ४१,८२९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**2. Seng Yip Furniture SB**
पुन विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/०२/३० | चलानी नं. ६०१८०८६८ | LT No. : 264650

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker | 69 | साधारण | 1500 | ४१,८२९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८० चैत ६ गते (19 Mar., 2024) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**लाईफ ईन्टरनेशनल ओभरसिज प्रा. लि.**
श्रम ईजाजत नं.: ७६०/६५/६६
सामाखुसी, काठमाडौं, फोन : ४४३९८५४, ४४३८१९८, ९८०१११२२५९, ९८०१११२२५०, ९८०१०६४०९१

## साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी : AL SERR INTERNATIONAL GENERAL CONTRACTING
शहर: Jubail

पूर्व स्वीकृत मितिः२०८०/७/१५ | चलानी नं.: 60210343 | LT. No.: 294591 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding Erector | 25 | 0 | स. काममा दक्ष | 1200 | ४२,२८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ६ गते (19 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**WORLD NET RECRUITMENT CONSULTANTS (P) LTD.**
Govt. Lic. No. 174/056/057
P.O Box No. 10666, Chandol-04, Kathmandu, Nepal, Tel.: 4529930/4537410
Email: worldnetrecruitment@gmail.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!

TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२९ फागुन २०८०, मंगलबार
12 March 2024, Tuesday

सम्पादकीय

# स्थिरताको मृगतृष्णा

राजनीतिक स्थिरता नेपालका निम्ति निकै पुरानो नारा हो । राजतन्त्रकालीन समयमा समेत मुलुकले स्थिर सरकार नपाएकाले सधैं राजनीतिक स्थिरता छलफलको विषय बन्यो । नेपाल एकीकरणदेखि नै कहिल्यै राजनीति स्थिरता देखिएन । राज्य कब्जा गर्न भाइभारदारबाटै निषेधको राजनीति राजतन्त्रकालीन समयको पर्याय थियो । राजालाई खोपीमा राखेर राणाले मुलुकको नेतृत्व गर्दा पनि स्थिरता थिएन । अपवाद बाहेक नियमित प्रक्रियाबाट नेतृत्व स्थापित भएन, टिकेन । राणाशासनको अन्त्य भएपछि राजा फेरि शक्तिशाली भए । तर राजाले कहिल्यै पनि नियमित प्रक्रियाबाट प्रधानमन्त्रीहरू हट्ने परिस्थिति सिर्जना गर्न सकेनन् । कतिसम्म भने १३ दिने प्रधानमन्त्री समेत मुलुकले खेप्नु पर्‍यो । पञ्चायत व्यवस्था स्थिर भएपनि मुलुकको कार्यकारी कहिल्यै पाँच वर्ष टिक्न सकेको देखिदैन ।

पञ्चायत अन्त्य भएर २०४६ सालमा बहुदलीय प्रजातन्त्र स्थापना भएपछि सरकार बनाउने र भत्काउने नियमित प्रक्रिया चल्न थाल्यो । विशेषगरी २०५१ सालपछिको अवस्था नेपालको बहुदलीय लोकतन्त्रकै उपहास बन्न पुग्यो । पञ्चायतलाई आर्दश मान्ने राप्रपाका सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्दलाई पालैपालो नेपाली कांग्रेस र नेकपा एमालेले प्रधानमन्त्री बनाए । पाँच वर्षको अवधिमा वर्षेनि जस्तो सरकार बन्ने र भत्कने चलिरह्यो । फेरि राजा ज्ञानेन्द्रले सत्ता हातमा लिए । तर उनले पनि प्रधानमन्त्रीको रिले दौड चलाए । गणतन्त्रमा पनि अस्थिरताको पुरानै रोग सरेको छ । ६ महिनामै सरकार ढल्ने र सरकारमै हुँदा अर्को गठबन्धन फेर्ने प्रवृत्ति अहिलेको राजनीतिक परिचय जस्तो बन्न पुगेको छ ।

२०७९ मंसिरको चुनावबाट फेरि पनि हङ पार्लियमेन्ट बन्यो । कुनैपनि दलको एकल बहुमत नपुग्दा सरकार अस्थिर बन्ने पक्का जस्तै थियो । नभन्दै एक वर्षभित्रै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले तीन वटा राजनीतिक समीकरण फेरिसके । यसको अर्थ मन्त्रिपरिषद्ले तीन पटक पूर्ण पुनर्गठन हुने पक्का थियो । तर प्रधानमन्त्रीले १५औंपटक मन्त्रिपरिषद् पुनर्गठन गरिसके । संघीय सरकारमा रहेको यस्तो अस्थिरताको ठूलो समस्या प्रदेश सरकारमा देखिएको छ । कोशी प्रदेशमा त अर्को सरकार बनाउन अहिले संवैधानिक प्रश्न देखिएको छ । अरू प्रदेशहरूमा सरकार बनाउने सकस चलिरहेकै छ । सोमबार मात्रै संघीय सरकारले प्रदेश प्रमुख परिवर्तनको निर्णय गरेको छ । यसरी नेपाली राजनीतिमा कहिल्यै नटुंगिएको अस्थिर राजनीतिको असर भने नागरिकको उन्नयनमा परिरहेको छ । राजनीतिक अस्थिरताले देशको आर्थिक र सामाजिक परिवर्तनको बहस सधैं ओझेलमा पर्दै आएको छ । जबकी दक्षिण छिमेक भारत र उत्तर छिमेक चीनले आर्थिक विकासमा ठूलो छलाङ मारिसकेको छ । यो तथ्य नेताहरूले नबुझेको होइन । तर व्यक्तिगत स्वार्थले आँखा अगाडिको तथ्य बिर्सेर अस्थिरताको खेती चलाइरहेका छन् । जुन मुलुक र नेपाली नागरिकका निम्ति विडम्बना हो ।

# बढ्दो अनलाइन हिंसा

अग्रलेख



● अमृता अनमोल



नेपाल प्रहरीको साइबर ब्युरोको तथ्यांक भन्छ, 'पछिल्लो पाँच वर्षमा साइबर हिंसा अर्थात् अनलाइन अपराधका घटना छ गुणाले वृद्धि भएको छ ।' हुन पनि प्रहरीमा दैनिक डेढ सयका हाराहारीमा अनलाइन हिंसाका उजुरी पुगेका छन् । आर्थिक वर्ष २०७६/७७ मा प्रहरीको साइबर ब्युरोमा दुई हजार तीन सय एक निवेदन आएका थिए । यो संख्या बढेर गत आर्थिक वर्ष २०७९/८० मा नौ हजार १३ निवेदन परे । सबैभन्दा धेरै अनलाइन हिंसामा महिला र बालबालिकामाथि भएका उजुरी छन् । महिला बालबालिकाका धेरै उजुरीमा जिस्काउने, प्रेम प्रस्ताव वा यौन प्रस्ताव नमान्दा धम्काउने, नग्न तस्बिरमा व्यक्तिको मुहार जोडी अनलाइनमा राख्ने, अश्लील फोटो तथा भिडियो सामाजिक सञ्जालमा प्रकाशित गर्ने, सामाजिक सञ्जालमा अन्य व्यक्तिको नाम र तस्बिर प्रयोग गरेर प्रोफाइल पेज खोलेर बेइज्जत गर्ने तथा दुःख दिनेलगायत छन् । सामाजिक सञ्जालको दुरूपयोग गरी हुने चरित्र हत्या, गालीगलौज, डरधम्की जस्ता गतिविधिले महिला तथा बालबालिकाको मानसिकता र जीवनयापनमा ठूलो असर पारेको देखिन्छ ।

अनलाइन उपकरणको दुरूपयोगबाट सर्वसाधारण मात्र होइन, सार्वजनिक छवि भएका, प्रशासक, राजनीतिज्ञ, मानवअधिकार रक्षक, पत्रकार र सामाजिक अभियन्ता महिलासमेत हिंसाको जोखिममा छन् । त्यस्ता महिलाले कुनै विषयमा आफ्नो विचार वा टिप्पणी व्यक्त गरेकै कारण उनीमाथि सामाजिक सञ्जालमार्फत चारित्रिक दोष लगाउने, धम्काउने र नंग्याउने क्रम सुरु हुन्छ । सामाजिक सञ्जालमा अश्लील गालीगलौज मात्र होइन, बलात्कार गर्ने र ज्यान मार्नेसम्मको धम्की आउने उनीहरुको अनुभव छ ।

इन्टरनेटको बढ्दो प्रयोगले मानिसका धेरै क्रियाकलाप अनलाइनमा रूपान्तरण भएका छन् । अनलाइनबाट जतिजति क्रियाकलापहरु बढ्दैछन् त्यति नै त्यसबाट हिंसा बढ्दै गएको छ । सामान्यरूपमा पनि कसैको प्रेम प्रस्ताव स्वीकार नगरे बेइज्जत गर्ने, कुनै शब्द वा भनाइको ट्रोल बनाउने क्रम असाध्यै बढेको छ । अनलाइनका प्लेटफर्महरुको प्रयोग गरेर डरत्रास देखाउने, धाकधम्कीका सन्देश पठाउने, सहमतिबना निजी पहिचान र यौनजन्य सामग्री पठाउनेलगायतका गतिविधिले महिलामाथि अनलाइन हिंसा बढाइरहेको छ । अनलाइन अपराध गर्नु गलत मानसिकताको उपज हो । हिंसामा परेका व्यक्तिको नजरबाट हेर्दा विद्युतीय साक्षरता नहुँदा अर्थात् अनलाइन कसरी प्रयोग गर्ने भन्ने नजान्दा पनि भएका देखिन्छन् । कतिपयलाई सामाजिक सञ्जालमा मैले के लेख्दैछु, के च्याट गर्दैछु, यसलाई मैले मेट्दैमा सबै प्रमाण मेटिंदैन भन्ने थाहा हुँदैन । लेखिएका कुराले भोलि कानुनी झमेलामा फस्छु कि भन्ने जानकारी पनि छैन । यसले झन् समस्यामा धकेलेको छ ।

अनलाइन हिंसाका स्वरूप एकै प्रकारका छैनन् । फरक-फरक छन् । यसले जो जतिबेला पनि हिंसामा पर्ने देखिन्छ । तर, विद्यमान शक्ति संरचना र परम्परागत धारणाका कारण धेरै र सहजै हिंसा महिला र बालबालिकामाथि भएको पाइन्छ । संख्यात्मकरूपमा पीडा दिने धेरै पुरुष भेटिन्छन् । पितृसत्तात्मक सोचका कारण पुरुष पीडक बनेका हुन् । अपेक्षाकृत व्यवहार नमिलेमा महिलामाथि अनलाइन हिंसा सुरु गरिहाल्ने एकखाले जमात छ । त्यो जमातले फरकफरक तरिकाले महिला तथा बालबालिका हिंसा गरिहेको हुन्छ ।

अनलाइन माध्ययमको दुरूपयोगले मानव बेचबिखनको जोखिम पनि बढाएको छ । सामाजिक सञ्जालबाट साथी बनेर प्रेमको नाटक गर्ने, घुम्न लैजाने, पढाइदिने, मोबाइल तथा लुगा किनीदिने, रोजगारीमा लगाइदिनेजस्ता प्रलोभन देखाएर वयस्कहरुले बालबालिका तथा किशोरीको अवैध ओरासारपसार र बेचबिखन गर्ने पाइएको मानवअधिकार आयोगको प्रतिवेदन २०७९ मा उल्लेख छ । प्रहरीकै तथ्यांक हेर्ने हो भने पनि अवैध ओरासारपसार र बेचबिखनमा पर्ने महिला र बालिका धेरै छन् । प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोमा आर्थिक वर्ष २०७९/८० मा मानव बेचबिखन तथा अवैध ओसारपसारका एक सय ५७ उजुरी आएका थिए । त्यसमा २१० महिला थिए । धेरैले अनलाइन प्लेटफर्मका माध्ययमबाट चिनेको वा योजना बनाएको बताएका थिए ।

*अनलाइनबाट जतिजति क्रियाकलापहरू बढ्दैछन्, त्यति नै त्यसबाट हिंसा बढ्दै गएको छ । अनलाइनका प्लेटफर्महरूको प्रयोग गरेर डरत्रास देखाउने, धाकधम्कीका सन्देश पठाउने, सहमतिबिना निजी पहिचान र यौनजन्य सामग्री पठाउनेलगायतका गतिविधिले महिलामाथि अनलाइन हिंसा बढाइरहेको छ ।*

डिजिटल अधिकारमा काम गर्ने अन्तरराष्ट्रिय संस्था 'बडी एन्ड डाटा'ले सन् २०२३ मा अनलाइन हिंसा सम्बन्धी सर्वेक्षण गरेको थियो । त्यसमा ८६ प्रतिशत महिला तथा सीमान्तकृत समुदायले आफूले कुनै न कुनै प्रकारको अनलाइन हिंसा भोगेको बताएका थिए । महिला त्यसमा पनि यौनिक तथा लैङ्गिक अल्पसंख्यक र सिमान्तकृत समुदायमाथि धेरै हिंसा भएको छ । उनीहरुले आफूमाथि भएका हिंसा तत्काल बताउन नसक्दा भयावह रूप लिएको बताइएको छ । अनलाइन हिंसा व्यक्त भन्दा अव्यक्त धेरै छन् । प्रहरीमा पुग्नेभन्दा नपुग्ने धेरै छन् । युएन वुमनको प्रतिवेदनअनुसार विश्वमा तीन महिलामध्ये एक जनाले शारीरिक तथा यौनजन्य हिंसा भोगिरहेका छन् । सामाजिक सञ्जालको पहुँचमा रहेका सबैजसो महिला र युवतीले अनलाइन हिंसाको सामना गर्छन् । यसले महिलामाथि हुने हिंसाको स्वरूप र ढाँचा अझ बढ्न सक्ने देखिने बताइएको छ ।

हुन पनि सामाजिक सञ्जालमा अनावश्यक भावना र कुण्ठा यति बेसुर पोखेका भेटिन्छन् कि साथीसंगतीकै महिला बालबालिका पनि त्यसमा पर्छन् । आफूमा रहेको यौन उन्माद र कुण्ठा उनीहरुमाथि खन्याएका हुन्छन् । यसबाट वयस्क युवती मात्र होइन, किशोरी र पाका महिलासमेत प्रताडित भएका छन् । प्रताडना व्यक्तभन्दा अव्यक्त धेरै छन् । सक्नेले प्रतिकार गरेका छन् । नसक्ने कतिपय सामाजिक सञ्जालबाटै बाहिरिएका छन् । हिंसाका कारण मानसिक समस्या बढ्ने र आत्महत्या समेत बढेका छन् । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ को प्रतिवेदनमा नेपालमा १५ देखि ४९ वर्ष उमेर समूहका २३ प्रतिशत महिलाले १५ वर्षकै उमेरदेखि शारीरिक हिंसा भोगेको बताएको उल्लेख छ भने छ प्रतिशत महिलाले गर्भावस्थामा हिंसा महसुस गरेका छन् । अनलाइन दुरूपयोग बढिरहे यो संख्या अझ बढ्ने देखिन्छ ।

कहिल्यै नदेखे नजानेको व्यक्तिले पनि सामाजिक सञ्जालमार्फत साथी बनौं भन्ने र साथी बनीहाल्ने परिपाटीले पनि अनलाइन हिंसा निम्त्याएको छ । यस्तो हिंसा विद्युतीय साक्षरता नभएका महिला, बालबालिका, किशोरी त्यसमा पनि अपांगता भएका, सिमान्तकृत र यौनिक अल्पसंख्यक धेरै पर्छन् । धेरैको अनुभवमा अनलाइन माध्ययमबाट साथी बनेपछि बोलचाल सुरु हुन्छ । व्यक्तिगत कुरा गर्छन् । मलाई तिमी मन पर्‍यो । तिम्रो फोटो मन पर्‍यो । तिम्रो शरीर मन पर्‍यो । बोली मन पर्‍यो भनेर हिंसाको सिलसिला सुरु हुन्छ । कालु, काली, सानी, कान्छी जस्ता शब्दको प्रयोग अनि प्रेम प्रस्ताव राखिन्छ । ती महिला एवं बालबालिकाले प्रेषकको झुटो प्रस्ताव विश्वास गर्छन् । अनि मायाको साँच्चै अनुभूति गरेर उनीहरुको प्रस्ताव अनुसारका क्रियाकलाप गर्छन् । यसले मानसिक हिंसादेखि यौन हिंसा हुँदै बेचबिखन तथा ओसारपसारको शिकार बनाएको छ ।

नेपालमा इन्टरनेट र प्रविधि बढ्दै गएको छ । सर्वसाधारण समेत इन्टर नेटको पहुँमा छन् तर, तिनलाई प्रयोग गर्ने र सुरक्षित हुने कसरी विद्युतीय साक्षरता छैन । यसले महिला, बालबालिका र किशोरीहरु त्यसमा पनि सिमान्तकृत समुदायका व्यक्ति हिंसाको जोखिममा परिरहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा ७३ प्रतिशत परिवारमा स्मार्टफोन पुगेको छ । कुल जनसंख्याको ३७.८ प्रतिशतले इन्टरनेट चलाउँछन् । ल्याबटप वा कम्प्युटर प्रयोग गर्नेको संख्या १५ प्रतिशत छ । जतिजति विद्युतीय अनलाइन उपकरणको पहुँच पुगेको छ, त्यसअनुसार अनलाइन सुरक्षाका बारेमा सिकाइएको छैन । कसरी अनलाइन प्लेटफर्महरुमा संलग्न हुने, कसरी सुरक्षित रूपमा चलाउने भन्नेबारेमा बहस भएको छैन । यसले महिला, बालिका, किशोरी, अपाङ्गता भएका तथा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायलाई अनलाइन हिंसाको शिकार बनाएको हो । सामाजिक सञ्जाललाई असामाजिक बनाएको हो ।

कति बेला लाग्न सक्छ यसले सामाजिक होइन असामाजिक गतिविधि बढाएको छ । प्रयोग नै नगरौं तर, अनलाइन प्रविधिको प्रयोगबिना अबको जीवन सम्भव छैन । विद्यार्थीदेखि व्यवसायी, जागिरे, राजनीतिक व्यक्ति सबैका लागि अनलाइन माध्यम अत्यावश्यक भएको छ । यसर्थ, अनलाइनका चुनौतीबाट बच्न आफूलाई प्रविधि र साक्षरमैत्री बनाउनुपर्छ । व्यक्ति व्यक्तिमा चेतना नपुग्दासम्म सामाजिक सञ्जालका माध्ययमबाट हुने अनलाइन हिंसा र दुर्व्यवहार अझ बढ्नेछ । यसर्थ राज्यस्तरबाटै सामाजिक सञ्जालको दुरूपयोग गरी हुने हिंसा रोक्न सचेतनाका कार्यक्रम सञ्चालन गर्नुपर्छ । अनलाइनमार्फत हुने चरित्र हत्या, गालीगलौजजस्ता गतिविधिले व्यक्तिको मानसिकतामा ठूलो असर पारेको देखिन्छ । बालबालिकाका लागि साइबर सुरक्षाबारे पाठ्यक्रममै समावेश गरेर विद्यालय तहबाटै सिकाउनुपर्छ ।

विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ ले अनलाइनमार्फत अरुलाई मानसिक यातना दिने वा जिस्काउने व्यवहारलाई गलत मानेको छ । कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरुबाट महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रूपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ । ऐन अन्तर्गत बनेको नियमको उल्लंघन भएमा उल्लंघनकर्तालाई पचास हजार रूपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुने उल्लेख छ । कसूरबाट पीडित व्यक्तिलाई हुन गएको हानिनोक्सानी कसूरदारबाट मनासिव क्षतिपूर्ति भराई दिने समेत व्यवस्था छ । यसर्थ सामाजिक सञ्जाललाई असामाजिकरूपमा प्रयोग गर्ने र अनलाइन हिंसा गर्नेको बेवास्ता गर्नु हुँदैन । समस्या समस्या नै हो हिंसा हिंसा नै हो । भयावह नहुँदै समाधानका उपाय खोज्नुपर्छ । सामाजिक सञ्जाललाई असामाजिक बनाउने, साथी, सहकर्मी र सम्बन्धमा यौन बासना खोज्नेलाई रोक्नुपर्छ ।

## सामाजिक सञ्जाल



- फणिन्द्र नेपाल

पिँडुलासम्म पानी आउने पहाडी खोलामा उभिँदा पैतालामुनिबाट बालुवाका कणहरू अलिअलि गरेर काउकुती लगाउँदै बग्दै जाँदा एकछिनपछि बालुवा सकिएर पैताला तल ससाना ढुङ्गातिर सर्थ्यो । केही वर्ष यता नेपाली राष्ट्रियता पनि पैतालामुनिबाट खोलाको बालुवा बगेर रित्तिए झैं भएको छ ।



- रमेश खरेल

एमालेले विवादित कांग्रेसका मन्त्रीको राजीनामा मागेर संसद् चल्न दिएन । एमालेसँग काँध जोडेर रास्वपाले होमा हो मिलायो । कांग्रेसले रास्वपाका विवादित मन्त्रीको राजीनामा मागेर संसद् चल्न नदिने भएछ । संसद्को हालत के होला ? चासो र मुद्दाको के हविगत होला ? कठै यिनीहरूको सत्ताको छट्पटी !



- सुशिल न्यौपाने

एमालेले कांग्रेस र माकुनेका विवादित तत्कालिन मन्त्रीहरुलाई निकाल्नु पर्ने अडान राख्यो, कांग्रेस र माकुनेले टेरेनन् । नयाँ सत्ता गठबन्धन बिथोल्न कांग्रेसबाट रवि लामीछानेलाई प्रधानमन्त्रीको चारो डेलिभरी भयो । अब कांग्रेसले विवादित रविलाई मन्त्रीबाट निकाल्नु पर्ने अडान राख्ला/राख्न मिल्ला ?



- डम्मर खतिवडा

भनिन्छ-जस्ता जनता उस्तै नेता । हामी नै खत्तम छौं, तसर्थ हाम्रा नेता अवसरवादी, भ्रष्ट र अनैतिक छन् । त्यसो हुन्थ्यो त दासप्रथा भएको अमेरिकामा त्यो मास्ने लिंकन, गरिब भारतमा सम्भ्रान्त नेहरु कसरी नेता बन्न सक्थे ? खासमा भएको उल्टो हो । जनताअनुसारका नेता हैन नेताअनुसारका जनता भएका हुन् ।

## तपाईंको राशिफल


| | | |
|---|---|---|
| मेष | : | दैनिक कार्यहरू सफल हुनेछ । शान्तिमा वृद्धि हुनेछ । |
| वृष | : | कार्यमा प्रगति हुनेछ । वाहन चलाउँदा सावधानी राख्नुहोला । |
| मिथुन | : | मुकद्मा सम्बन्धी समस्याको योग छ । वाणी संयम जरुरी छ । |
| कर्कट | : | बाहन प्राप्तिको योग छ । विपरीत लिङ्गीसित मित्रता हुनेछ । |
| सिंह | : | अर्कामाथि भरोसा नगर्नुहोला । विवादमा परिने योग छ । |
| कन्या | : | पराक्रममा वृद्धि हुनेछ । जीवनसाथीको राम्रो सहयोग पाइनेछ । |
| तुला | : | यात्रा सफल हुनेछ । आनन्दमा वृद्धि हुने योग छ । |
| वृश्चिक | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । कार्यहरूमा वृद्धि हुनेछ । |
| धनु | : | धैर्यमा वृद्धि र दैनिक सबै कार्यमा सफलता प्राप्त हुनेछ । |
| मकर | : | भवन निर्माणमा खर्च हुनेछ । आहारमा ध्यान दिनुपर्नेछ । |
| कुम्भ | : | महत्वपूर्ण भेटघाट सफल हुनेछ । स्वास्थ्य लाभ हुने योग छ । |
| मीन | : | पैतृक सम्पत्ति प्राप्तिको योग छ । स्वास्थ्य राम्रो रहनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# सही दृष्टिकोण निर्माणका आधार

विचार



● लेखराज रेग्मी

*द्वन्द्ववादको अध्ययन यान्त्रिक र सुत्रवादी हुँदैन । यसले भौतिकवादी पद्धति विज्ञानसम्मत बुझ्न, बुझाउन काम गर्छ । त्यसकारण आदर्शवादी कोणबाट द्वन्द्ववाद र अधिभूतवादी किसिमले भौतिकवाद बुझ्न सकिँदैन ।*

विषयहरूलाई सामाजिक मूल्य र वैचारिकीको आधारमा छनोट गर्नुपर्छ । त्यसपछि समसामयिक स्थिति आम प्रवृत्ति र वस्तुगत आवश्यकता र कार्यान्वयनका सम्भावनालाई कसी बनाएर विषयवस्तुको बारेमा धारणा बनाउनुपर्छ । यसो गर्दा समान ढंगले अध्ययन र निरूपण गरिरहेका कतिपय व्यक्तिहरूसँग विषयगत सहमति वा बिमति स्पष्ट हुन्छन् र जसले वस्तुगत मूल्यांकनमा छुटेका सवालबारे पृष्ठपोषण प्राप्त गराउँछ । जो दैनिक व्यवहारमा भोगिरहेका सवालमा दृष्टिकोण बनिसकेका हुँदैनन्, उनीहरूको लागि एउटा सन्तुष्टि पैदा हुन्छ र वैचारिकरूपमा वरिपरि आउन थाल्छन् । त्यो नै लेखकीय वा प्रस्तावकीय तागत बन्छ ।

बुझ्नपर्ने कुरा के हो भने ती पाठक वा छलफलमा निष्क्रिय सहभागीहरूको पहिचान, संगठन र परिचालनको पहल बिना सहसम्बन्ध र सहकार्यको प्रयत्न बिना, यसलाई भौतिक शक्तिमा बदल्न सकिँदैन । असफलता यही बिन्दूमा पैदा हुने मनोगतवाद अहंकार र उच्चताबोधसँगै संगठित शक्तिमा रूपान्तरण गर्ने सवालका असक्षमताका कारण विषयवस्तुलाई मनोगतवादमा गिराइदिँदा रहेछन् । लगातारको यो स्थितिले क्रमशः विस्थापन र पलायनसम्म पुर्‍याउँदो रहेछ र आफ्नो स्थानमा तुलनात्मक कमजोर वैचारिकीको शासन पैदा हुँदो रहेछ । कतिले यो स्थितिको सही आकंलन गर्न सकेको पाइन्न ।

संगठन निर्माण विचारधाराका आधारमा हुने गर्छ । स्थापित नेतृत्वले आफ्नो उन्नयनकालमा धेरै मेहनत गरेर आएका छन् । उनीहरूलाई सबै किसिमले सहयोग गर्नेहरूको बलमा उनीहरूका योज्ञता र क्षमताको सही पहिचान र व्यवस्थापन गर्दै नेतृत्व स्थापित हुँदो रहेछ । कालान्तरमा हामी आफ्ना रचनात्मकतालाई नेतृत्वप्रतिको विश्वासमा छोडिदिने र मुख हेर्ने ठाउँमा पुग्दा रहेछौं र उसले बाटो बिराउँदा वा काम गर्न नसक्दा संगठन र आन्दोलन धराशायी बन्ने गरेका कारण त हामी नै हुँदा रहेछौं । यसको पछाडि उमेर स्वास्थ र आत्मविश्वासमा आउने गिरावटले महत्वपूर्ण भूमिका खेल्दोरहेछ ।

यदि हामी कुनै तहको नेतृत्व-समूहमा छौं भने सधैं नविकरण पुनर्ताजगी र निरन्तरता कायम गर्न सक्षम हुनुपर्दो रहेछ । निरन्तर क्रान्ति भनेको सर्वप्रथम आफूमा नै निर्भर हुँदोरहेछ । सबै-सबै पियानो बजाउन सक्दैनन्, उनीहरू गीतार, तबला र मुरली पनि बजाउन सक्ने हुन सक्छन् ललितकलामा यसको महत्व छ तर, दुवै हातले सबै तन्त्रिका लयमा बजाउने काम अलि गाह्रो छ सुरताल मिलाउनको लागि । वाद्य वादनभन्दा धेरै जटिल छ, राजनैतिक जीवन । एउटा गलत सूचनाले हाम्रो विश्लेषण, संश्लेषण र निष्कर्षमा ठूलो अन्तर आउन सक्छ र जीत हारमा परिणत हुन सक्छ । अर्को पक्षले पनि यही गल्ती गरेछ भने संयोगले प्राप्त उपलब्धिलाई जोगाउन पनि समस्या पैदा हुँदो रहेछ । के हामी यसबारेमा गम्भीर बन्न शिक्षा प्राप्त छौं वा व्यवहारमा प्रयोग गर्न कुशल छौं ?

तपाइँ हामीले 'थटअफ स्कुल'को कुरा सुनेका छौं । भौतिकवादको शिक्षालयमा प्रत्येयवाद केवल तुलनात्मक अध्ययनको लागि आवश्यक छ र यो हासिल गर्नु अनिवार्य छ । द्वन्द्ववादको अध्ययन यान्त्रिक र सुत्रवादी हुँदैन । यसले भौतिकवादी पद्धति विज्ञानसम्मत बुझ्न, बुझाउन काम गर्छ । त्यसकारण आदर्शवादी कोणबाट द्वन्द्ववाद र अधिभूतवादी किसिमले भौतिकवाद बुझ्न सकिँदैन । तथापि, दर्शनशास्त्र नपढेका र राजनीति नगरेका मानिसहरू पनि व्यवहारमा सामाजिक अन्तरविरोध हल गर्न र आफ्नो पक्षधरता कायम गर्न सक्षम छन् । उनीहरूले व्यवहारमा द्वन्द्वात्मक भौतिकवादलाई पठित उच्च शिक्षा हासिल र अध्येताभन्दा धेरैभन्दा धेरै राम्रोसँग बुझेका छन् भन्ने स्वीकार्न पर्छ र एन्टी थेसिस लागु गर्नेहरूले पनि हामीभन्दा राम्रो बुझेर अमल गरेका हुन्छन् भन्ने हेक्का नरहनु नबुझ्नु नै हो । के हामीले दार्शनिक समझदारीको यो उच्च गम्भीरतापूर्ण स्तर अभ्यास गरिरहेका छौं ?

यस्ता धेरै सवाल छन्, वस्तुनिष्ठ राजनीतिको सवालमा पंक्तिकार स्वयम् इमान्दार प्रयत्नसहित चिन्ने बुझ्ने प्रक्रियामा छ । यो स्वयम्को ढोंग र आडम्बरवाट छुटकारा पाउने प्रारम्भिक पाइला पनि हो ।

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । – सं.

# रुसी राष्ट्रपतीय निर्वाचन : पुटिनसँगको प्रतिस्पर्धामा तीन नयाँ अनुहार

**काठमाडौं/एजेन्सी–** युक्रेनमा रुसको चुनावी अभियानका कारण उत्पन्न उथलपुथलका बाबजुद रुसमा आगामी शुक्रबारदेखि आइतबारसम्म राष्ट्रपतिको निर्वाचन हुँदैछ । निर्वाचनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई थप ६ वर्षको कार्यकालका लागि अनुमोदन गर्नेमा कुनै शंका छैन।

चुनावी अभियानमा युक्रेन आक्रमणको विपक्षमा रहेका बोरिस नादेज्दिन र येकातेरिना डन्टसोभाले आफ्नो उम्मेदवारीको समर्थनमा दशौं हजार हस्ताक्षर संकलन गर्दै उम्मेदवारीको घोषणा गरेका थिए, तर उनीहरुको उम्मेदवारी अस्वीकृत भएको छ । पुटिनबाहेक राष्ट्रवादी कन्जरभेटिभ लिओनिद स्लट्स्की, कम्युनिष्ट पार्टीका निकोलाई खारिटोनोभ र प्रसिद्ध व्यापारी भ्लादिस्लाभ दाभानकोभ गरी तीन जना पुटिनसँगको प्रतिस्पर्धामा रहेका छन् । तीनै जनाले युक्रेनविरुद्ध भइरहेको रुसको आक्रमणलाई समर्थन गरेका छन्। क्रेमलिनका आलोचकहरुले यी तीन उम्मेदवारको भूमिका विपक्षीहरुलाई दमन गरी पाखा लगाइएको वा देशभित्र उनीहरुको राजनीतिक भूमिका नै अन्त्य गरिएको समयमा मतदानमा बहुलवादी रङ भर्ने र पुटिनविरोधी आलोचनालाई कमजोर पार्ने रहेको औंल्याएका छन् ।



स्वतन्त्र पर्यवेक्षकहरुले पनि मतदानमा धाँधली, मतपत्रमा अनियमित रुपमा गैर-मतदाताबाट छाप हान्ने र यथास्थितिलाई समर्थन गर्न राज्यका लाखौं कर्मचारीहरुलाई प्रयोग गर्ने जस्ता कार्यहरु हुनसक्ने बताएका छन् ।

करिब एक महिना पहिले जेलमा मृत्यु भएको भनिएका विपक्षी नेता एलेक्सी नभाल्नी र उनकी पत्नी युलिया नाभाल्नायाले आह्वान गरेअनुसार नेता पुटिनको कार्यकाललाई लम्ब्याउन गरिने 'तथाकथित निर्वाचन'को विरोधमा कुनै विरोध प्रदर्शन हुन सक्छ कि सक्दैन अहिले विश्वको ध्यान त्यसतर्फ गएको छ ।

---

## UAE मा वैदेशिक रोजगारको अवसर

**कम्पनी**: A T V A TECHNICAL AND CLEANING SERVICES LLC — **शहर**: UAE
पूर्व स्वीकृत मिति: २०८०/१०/०५ | चलानी नं.: ६०२१३३२५ | LT. No.: 298333 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 80 | 0 | स. काममा दक्ष | 800 | २८,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ७ गते (20 March 2024) मा हुनेछ ।**

**कम्पनी**: MAWARID SERVICES COMPANY LLC — **शहर**: DUBAI
पूर्व स्वीकृत मिति: २०८०/०८/२४ | चलानी नं.: ६०२११२७० | LT. No.: 296251 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forestry Worker | 150 | 0 | स. काममा दक्ष | 800 | २८,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी**: MAYAR FACILITIES MANAGEMENT LLC — **शहर**: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८०/०८/०६ | चलानी नं.: ६०२१०३७८ | LT. No.294971 | पुन विज्ञापन

| | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Cleaner | 50 | 0 | स. काममा दक्ष | 800 | २८,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ६ गते (19 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

FUTURE STAR MANPOWER PVT. LTD. — श्रम इजाजत नं.: ३९७/०६०/०६१

**फयूचर स्टार म्यानपावर (प्रा.) लि.**
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ०१-४९६०५७६, ४९५०७१९
०१–४९६०५७६, 9810101810, 9813916322. Email: futurestarmp397@gmail.com

---

## MALTA मा वैदेशिक रोजगारको अवसर

**कम्पनी** : SEACREST LIMITED MALTA — **शहर**: MALTA
पूर्व स्वीकृत मिति: २०८०/११/२१ | चलानी नं.: ६०२१६२९५ | LT. No.: 300799

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | AC Technician | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | १४४५७० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छैन | छ | २ वर्ष |
| 2. | Barbers | 2 | 2 | | 925 | १३३७२७ | | | | | | | |
| 3. | bartenders | 3 | 4 | | 925 | १३३७२७ | | | | | | | |
| 4. | Beauty/massage therapist | 0 | 4 | | 925 | १३३७२७ | | | | | | | |
| 5. | CARPENTERS | 6 | 0 | | 925 | १३३७२७ | | | | | | | |
| 6. | Chef | 9 | 9 | | 1100 | १५९०२७ | | | | | | | |
| 7. | Chef de Partie | 3 | 3 | | 1000 | १४४५७० | | | | | | | |
| 8. | Crew Member | 20 | 20 | | 925 | १३३७२७ | | | | | | | |
| 9. | Demi Chef De Partie | 3 | 3 | | 1100 | १५९०२७ | | | | | | | |
| 10. | Electricians | 10 | 0 | | 1000 | १४४५७० | | | | | | | |
| 11. | Food Server | 5 | 10 | | 925 | १३३७२७ | | | | | | | |
| 12. | Heavy drivers (delivery driver) | 15 | 0 | | 1000 | १४४५७० | | | | | | | |
| 13. | Hostess females | 0 | 11 | | 1000 | १४४५७० | | | | | | | |
| 14. | Hotel maintenance technician | 10 | 0 | | 1000 | १४४५७० | | | | | | | |
| 15. | Housekeeping Attendant | 15 | 15 | | 925 | १३३७२७ | | | | | | | |
| 16. | Housekeeping attendants team leader | 4 | 4 | | 1000 | १४४५७० | | | | | | | |
| 17. | Lift Technician | 4 | 0 | | 1100 | १५९०२७ | | | | | | | |
| 18. | Lift technicians | 5 | 0 | | 1000 | १४४५७० | | | | | | | |
| 19. | Mixologist top bars | 8 | 2 | | 1100 | १५९०२७ | | | | | | | |
| 20. | Pizzaili Chef | 6 | 0 | | 1000 | १४४५७० | | | | | | | |
| 21. | Plumbers | 5 | 0 | | 1000 | १४४५७० | | | | | | | |
| 22. | Pool technicians | 4 | 0 | | 925 | १३३७२७ | | | | | | | |
| 23. | reception | 6 | 0 | | 1000 | १४४५७० | | | | | | | |
| 24. | Sommeliers | 4 | 0 | | 1100 | १५९०२७ | | | | | | | |
| 25. | Sous chef fish | 5 | 0 | | 1200 | १७३४८४ | | | | | | | |
| 26. | waiter | 15 | 5 | | 1000 | १४४५७० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ७ गते (20 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No.: 519/061/062

**G.C.D. WORLDWIDE PVT. LTD.**
Sinamangal-09, Kathmandu, Nepal
| Email: gcdworldwide130@gmail.com
Mobile : 9802342288, 9820233444, 9841039318

---

## CYPRUS मा वैदेशिक रोजगारको अवसर

**कम्पनी:** STALAGMITE MANPOWER SERVICES LTD — **शहर**: Cyprus
पूर्व स्वीकृत मिति: २०८०/११/२७ | चलानी नं.: ६०२१६२८७ | LT. No.: 301250

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 20 | स. काममा दक्ष | 400 | ५७,८२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ६ गते (19 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ५४७/०६७/०६८

**गौतम इन्टरनेशनल म्यानपावर सर्भिसेज प्रा. लि.**
सुबिधानगर, तिनकुने-३२, काठमाडौं, नेपाल, फोन: ५१९२०२८, ४१११६४४
E-mail: gautaminternational5@gmail.com Website: www.gautamimps.com

---

## मलेसियामा रोजगार

**कम्पनी** : TKL GALLERY GROUP SDN BHD — **शहर**: JOHOR
पूर्व स्वीकृत मिति: २०७९/०५/१६ | चलानी नं.: ६०१८६५४० | LT. No.:270735 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 42 | 0 | स. काममा दक्ष | 1500 | ४२,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ६ गते (19 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

इबैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ५१८/०६१/०६२

**Growth Process International Employment Pvt. Ltd.**
P.O.Box No.: 12839, Basundhara-3, Kathmandu, Nepal, Phone No.: 015904622, Fax: 4383347
Email : growth_processintl@yahoo.com, Web. : www.growthprocessintl.com

---

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी** : JASSIM TRANSPORT & STEVEDORING CO. WLL — **शहर**: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/०८/१५ | चलानी नं.: ६०२१०८४३ | L.T. No. 295795 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Rigger | 19 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४७,३८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 27 | 0 | | 170 | ७३,२३० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ६ गते (19 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Index — श्रम इजाजत नं. १५४३/०७८/०७९

**Index Recruitment Pvt. Ltd.**
Chabahil-7, Kathmandu, Nepal, Tel: 01 5911443
E-mail: info@indexruitment.com.np / Website : www.indexrecruitment.com.np

---

## UAE मा रोजगार

**कम्पनी**: SAKURA BEAUTY SPA FOR LADIES LLC — **शहर**: DUBAI
पूर्व स्वीकृत मिति: २०७९/०७/२७ | चलानी नं.: ६०१९११३३ | L.T. No.: 275526 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Beautician | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1500 | ५३,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hairstylist/hairdresser | 0 | 6 | | 1500 | ५३,९७० | | | | | | | |
| 3. | Manicurist | 0 | 2 | | 1500 | ५३,९७० | | | | | | | |
| 4. | Masseur | 0 | 1 | | 1500 | ५३,९७० | | | | | | | |
| 5. | Secretary | 0 | 2 | | 1500 | ५३,९७० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत ६ गते (19 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Gov. License No.: 225/058/059

**CROWN OVERSEAS CONSULTANCY PVT. LTD.**
Chhetra Bikram Marga, Kathmandu I Ph.: 01-4002596,4002680/65
Email: pradhancrown@gmail.com

---

## मलेसियामा रोजगार

**१.कम्पनी**: RESTORAN SING HENG KHANG — **शहर**: PERAK
पूर्व स्वीकृत मिति: २०८०/०३/०४ | चलानी नं.: ६०२०३४२७ | LT. No.: 288127 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 1 | 0 | स. काममा दक्ष | 1500 | ४२,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत ६ गते (19 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Govt.Lic. No. 357/059/060

**क्लासिक ओभरसिज मेनपावर प्रा. लि.**
बत्तिसपुतली-९, गौशला, काठमाडौं, नेपाल, फोन नं. ०१-४५६५७५३, फ्याक्स: ०१-४५६५७५०
Email: classicoverseas@gmail.com | Website: www.classicmanpower.com.np

---

## मलेसियामा रोजगार

**कम्पनी**: HARTA MAINTENANCE SDN BHD — **शहर**: Kuala lumpur
पूर्व स्वीकृत मिति:२०८०/११/२८ | चलानी नं.: ६०२१६२८९ | L.T. No.:301399

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ६ गते (19 March 2024) मा हुनेछ ।**

## युएईमा रोजगारको अवसर

**कम्पनी**: PARAMOUNT INTERNATIONAL CONTRACTING LLC — **शहर**: UAE
पूर्व स्वीकृत मिति: २०८०/०७/२४ | चलानी नं.: ६०२१०१५३ | L.T. No.: 294904

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Furniture Carpenter | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३१७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Polisher | 10 | 0 | | 1200 | ४३१७६ | | | | | | | |
| 3. | Helper | 30 | 0 | | 800 | २८७८४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ६ गते (19 March 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता पिआईटी ट्रेनिङ सेन्टर जनकपुरमा २०८० चैत ७ र ८ गते (20 & 21 March 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता सुनसरी ट्रेनिङ सेन्टर इटहरीमा २०८० चैत ९ र १० गते (22 & 23 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १०९/०५४/०५५

**Dynamic Sales & Services (P) Ltd.**
Post Box No. 2012, Tokha 7 Basundhara Chauki, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625
E-mail: info@dssnepal.com, Website: www. dssnepal.com

---

## साउदीमा रोजगार

**कम्पनी**: MOHAMMED H. SOUROOR AND SONS CO. LTD. — **शहर**: RIYADH
पूर्व स्वीकृत मिति: २०८०/११/१३ | चलानी नं.: ६०२१५६१६ | LT. No.:300486 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 17 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver Heavy Equipment | 1 | 0 | | 1800 | ६३४३२ | | | | | | | |
| 3. | Electrical Appliances Maintenance Labour | 6 | 0 | | 1100 | ३८७६४ | | | | | | | |
| 4. | Electrical Power Line Worker | 6 | 0 | | 1200 | ४२२८८ | | | | | | | |
| 5. | Heavy Truck Driver | 4 | 0 | | 1800 | ६३४३२ | | | | | | | |
| 6. | Manufacturing Worker | 5 | 0 | | 1100 | ३८७६४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ६ गते (19 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

